आज मिति २०७४/१२/२६ गते जिल्ला समन्वय समिति, काठमाडौंका प्रमुख श्री शिवसुन्दर राजवैद्यज्यूको संयोजकत्वमा जिल्ला स्थित कार्यालय वा निकाय र जिल्ला समन्वय समितिको सम्पत्ति दायित्व वजेट तथा कार्यक्रम स्थानीय तहमा स्थानान्तरण गर्ने सम्वन्धमा स्थानीय तहमा सेवा प्रवाह सम्वन्धी व्यवस्था, २०७४ को दफा १८ वमोजिम गठित उपसमितिको वैठकमा देहाय वमोजिमको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिति

संयोजक : जि.स.स. प्रमुख श्री शिवसुन्दर राजवैद्य

सदस्य : कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय प्रमुख श्री. राजेन्द्र ओझा

सदस्य : प्रतिनिधि जिल्ला प्रशासन कार्यालय श्री ललित कुमार कलेत ,

सदस्य : जिल्ला प्राविधिक कार्यालय काठमाडौं, प्रमुख श्री समर बहादुर खनाल

सदस्य : कृषि विकास कार्यालय, काठमाडौं प्रमुख श्री याम कुमारी श्रेष्ठ

सदस्य : जिल्ला पशु सेवा कार्यालय, काठमाडौं श्री गौरीमान श्रेष्ठ

सदस्य : घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौं श्री अम्विका ज्ञवाली

सदस्य : भू-सरक्षण कार्यालय, काठमाडौं, प्रमुख श्री मनोहर शाह

सदस्य : जिल्ला शिक्षा कार्यालय, काठमाडौं श्री प्रकाश सापकोटा

सदस्य : तथ्यांक कार्यालय, काठमाडौं, प्रमुख श्री रामवन्धु रेग्मी

सदस्य : महिला तथा वालवालिका कार्यालय प्रमुख श्री अनिता अधिकारी

सदस्य सचिव श्री गोपाल कुमार अधिकारी, जिल्ला समन्वय अधिकारी, जि.स.स. काठमाडौं ।

**आमन्त्रित :**

वरिष्ठ सामाजिक विकास अधिकृत श्री दिपक कुमार के.सी., जि.स.स. काठमाडौं

गो.अ. तथा प्र.अ. श्री घनश्याम तिमिल्सिना, जि.स.स. काठमाडौं

लेखा अधिकृत श्री प्रमोद तिमिलसिना, जि.स.स. काठमाडौं

कम्प्युटर अधिकृत श्री सीता कार्की, जि.स.स. काठमाडौं

का.स. श्री शान्त कुमार महर्जन, जि.स.स. काठमाडौं

तथ्यांक अधिकृत अनिता काफ्ले तथ्यांक कार्यालय का.

एजेण्डा :

१) स्थानीय तहमा सम्पत्ति हस्तान्तरण सम्बन्धी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१२/२३ च.नं. ५८५३ सम्बन्धमा ।

२) विविध ।

निर्णयहरु:

एजेण्डा नं. १ माथि छलफल गर्दा विभिन्न कार्यालयहरुले विभिन्न स्थानीय तहलाई केही मात्रामा सम्पत्ति (चल/अचल) हस्तान्तरण गरेको र केही हस्तान्तरण गर्ने क्रममा रहेको जानकारी गराइएको । केही कार्यालयहरु असारमसान्तसम्म कायम रहने निर्णय समेत भएको भन्ने सन्दर्भ समेतलाई विचार गरी देहाय बमोजिमको विवरण २०७५ वैशाख ७ गते भित्र जि.स.स.मा पुग्ने गरी अनिवार्य रुपमा पठाउने निर्णय गरियो ।

(क) जि.स.स. र विषयगत कार्यालयहरुले चालु आ.व.को हालसम्म स्थानीय तहलाई कुनै प्रकारको चल/अचल सम्पत्ति हस्तान्तरण गरिसकेको भए सो को जानकारी पठाउने ।

(ख) मिति २०७४ चैत्र २८ गतेबाट कायम नरहने कार्यालयहरुले आफूसंग भएका चल/अचल सम्पत्तिको विवरण जि.स.स.मा उपलब्ध गराउने ।

(i) विवरण प्राप्त भएपछि जि.स.स.ले सम्बन्धित कार्यालय र नगरपालिकाहरु विच समन्वय गराई चल सम्पत्ति यथाशिघ्र हस्तान्तरण गराउने ।

(ii) अचल सम्पत्ति सम्बन्धी विवरणको हकमा समितिको अर्को बैठकले निर्णय गर्ने ।

(ग) मिति २०७४ चैत्र २८ गतेबाट कायम नरहने कार्यालयको सूचीमा परेका तर नेपाल सरकारको पछिल्लो निर्णयले केही समय कायम रहने भएका कार्यालयले आफूसंग रहेको चल/अचल सम्पत्तिको यथार्थ विवरण तयार गरी सो विवरण र सो मध्ये स्थानीय तहलाई तत्काल हस्तान्तरण गर्न सकिने सम्पत्ति (चल/अचल) समेत खुलाई पठाउने निर्णय गरियो ।